## MSS @ जिल्ला अस्पताल, मनाङ



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा जिल्ला अस्पताल, मनाङको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम अन्तर्गतको छैठौ फलोअपको प्रस्तुतीकरण जिल्ला अस्पताल, मनाङमा सम्पन्न भएको छ। यस कार्यक्रमको संयोजन स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नवराज शर्माले गर्नुभएको हो ।

## एक्स-रे सेवा प्रदान



बाग्लुङ जिल्ला, बरेङ गाउँपालिकामा रहेको सुखौरा स्वास्थ्य चौकीमा गर्भवतीहरुलाई ग्रामिण भिडियो एक्स-रे सेवा प्रदान गरिएको छ ।

## अभिवृद्धि तालिम संचालन



भिरकोट नगरपालिका, स्याङ्जा (स्वास्थ्य शाखा) को आयोजनामा ७ दिने बृहत पोषण सम्बन्धि आधारभूत क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ ।

## MSS @ जिल्ला अस्पताल, लमजुङ



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा जिल्ला अस्पताल, लमजुङको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम अन्तर्गतको तेस्रो कार्यशाला गोष्ठीको प्रस्तुतीकरण सम्पन्न भएको छ। मुल्यांकन कार्यक्रममा धौलागिरी अस्पताल, बागलुङका मे.सु. डा शैलेन्द्र बिक पोखरेल, गण्डकी प्रदेश स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (PHEOC) का संयोजक नबराज शर्मा, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका जनस्वास्थ्य निरिक्षक श्री नानीबाबु दानी, NSI का प्रदेश संयोजक सुरज श्रेष्ठको सहभागिता रहेको थियो । यस कार्यक्रमको संयोजन स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नवराज शर्माले गर्नुभएको हो ।

## MSS @ जिल्ला अस्पताल, स्याङ्जा



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा जिल्ला अस्पताल, स्याङ्जाको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम अन्तर्गतको सातौ फलोअपको प्रस्तुतीकरण सम्पन्न भएको छ। मुल्यांकन कार्यक्रममा मातृशिशु अस्पताल, कास्कीका मे.सु. डा पुस्कर पौडेल, गण्डकी प्रदेश स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र (PHEOC) का संयोजक नबराज शर्मा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेशका नर्शिंग अधिकृत श्री रहिषा डंगोल र फार्मेसी अधिकृत श्री निस्सा पराजुली, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका जनस्वास्थ्य निरिक्षक श्री नानीबाबु दानीको सहभागिता रहेको थियो । यस कार्यक्रमको संयोजन स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नवराज शर्माले गर्नुभएको हो ।

## खोप कार्यक्रम संचालन



गण्डकी प्रदेशका सबै जिल्लाहरुमा कोरोना बिरुद्दको खोप लगाउने कार्यक्रम चलिरहेको छ ।

## कार्यशाला गोष्ठी सम्पन्न



स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौँको आयोजना तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेशको समन्वयमा नेपालको स्वास्थ्य जनशक्ति सम्बन्धी राष्ट्रिय रणनीति सम्बन्धी कार्यशाला गोष्ठी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेशको सभाकक्षमा सम्पन्न भएको छ । यस कार्यक्रमको संयोजन स्वास्थ्य मन्त्रालय, काठमाण्डौका वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत गणेश श्रिवास्तवले गर्नुभएको हो ।

सम्पादक : नवराज शर्मा (वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत) कम्प्युटर डिजाइन : सुमन्ना श्रेष्ठ (स्वास्थ्य निर्देशनालय)

विस्तृत जानकारीका लागि : फोन : ०६१-५७०३९० इमेल : hd.gandaki@gmail.com वेभसाइट : www.hd.gandaki.gov.np



प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल



## कोभिड-१९ संक्रमणको कुल तथ्याङ्कहरु

| कुल परीक्षण | संक्रमित | निको भएका | नेगेटिभ | मृत्यु | सक्रिय |
|---|---|---|---|---|---|
| ३५४१५२ | ८८२०० | ८६५६५ | २६५९५२ | १४२४ | २११ |

## कोभिड-१९ संक्रमणको पछिल्लो एक महिनाको तथ्याङ्कहरु

| परीक्षण | संक्रमित | निको भएका | नेगेटिभ | मृत्यु | क्वारेन्टाइनमा |
|---|---|---|---|---|---|
| ४६२२ | ४७५ | ५३७ | ४१४७ | १९ | 0 |

## कोभिड-१९ विरुद्धको खोप लगाएकाहरुको जिल्लागत विवरण

| जिल्ला | पहिलो डोज | पुरा डोज |
|---|---|---|
| गोरखा | 139317 | 93269 |
| मनाङ | 5128 | 4612 |
| मुस्ताङ | 13096 | 13587 |
| म्याग्दी | 61347 | 40470 |
| कास्की | 374554 | 386414 |
| लमजुङ | 109081 | 83735 |
| तनहुँ | 182020 | 102988 |
| नवलपरासी पूर्व | 187233 | 101732 |
| स्याङ्जा | 152125 | 93784 |
| पर्वत | 72973 | 51896 |
| बाग्लुङ | 143679 | 70687 |
| जम्मा | 1440553 | 1043174 |

## कोभिड-१९ को 'ओमिक्रोन' भेरियन्टबाट बच्ने ६ उपाय






स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा मध्यबिन्दु जिल्ला अस्पताल, नवलपरासी (ब.सु.पू.) को न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम अन्तर्गतको मुल्यांकन र प्रस्तुतीकरण सहितको तेस्रो कार्यशाला गोष्ठी सम्पन्न भएको छ। मुल्यांकन कार्यक्रममा बेनी अस्पताल, म्याग्दीका मे.सु. डा जितेन्द्र कडेल, गण्डकी प्रदेश स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रका संयोजक नबराज शर्मा, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका जनस्वास्थ्य निरिक्षक श्री नानीबाबु दानीको सहभागिता रहेको थियो । यस कार्यक्रमको संयोजन स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नवराज शर्माले गर्नुभएको हो ।

## MSS सफ्टवेयर हस्तान्तरण कार्यक्रम

स्वास्थ्य सेवा विभागका महानिर्देशकज्यूबाट गण्डकी प्रदेशका न्युनतम सेवा मापदण्ड (MSS) फोकल पर्सन तथा बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मालाई MSS Software हस्तान्तरण भएको छ । अबदेखी सबै न्युनतम सेवा मापदण्ड अनलाइन मार्फत हुनेछ्न ।




## लगाए पछि पहिलो मात्रा खोप, नबिर्सिऔं है लगाउन दोस्रो डोज

## अभिमुखिकरण कार्यक्रम संचालन



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा कोरोनाको Antigen परिक्षणमा पोजेटिभ देखिएका व्यक्तिहरुको थप परिक्षण गर्ने सम्बन्धी अभिमुखीकरण कार्यक्रम गण्डकी प्रदेशका स्वास्थ्यका प्रादेशिक कार्यालयहरुका सहजकर्ताहरुबाट सम्पन्न भएको छ। कार्यक्रम आबुखैरेनी, तनहुँमा रहेको प्रदेश निगरानी केन्द्रमा संचालन गरिएको हो । सहजीकरणमा WHO का FMO डा. राजिव लालचनको समेत सहयोग रहेको थियो ।

## ३४ औं विश्व एड्स दिवश

स्वास्थ्य कार्यालय, तनहुँ तथा अन्य सरोकारवालाहरुको संयुक्त आयोजनामा संचालित ३४ औ विश्व एड्स दिवश ।




## थाइराइड जाँच सेवा संचालन



बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र, बाग्लुङमा थाइराइड जाँच, HbA1C (३ महिनादेखिको सुगरको अवस्था) जाँच सुरु गरिएको छ । ल्याबको टिमलाई विशेष धन्यवाद, नेपाल सरकारले प्रा.स्वा.के. तहमा तोकेको भन्दा धेरै परिक्षण र सेवाहरू प्रा.स्वा.के आँफैले स्थानीय तहमा नै गर्न सकिन्छ भन्ने भिजनलाई सजिलै स्विकारेर निरन्तर सेवा प्रदान गरिर हनु भएकोमा । ल्याबका सम्पूर्ण सेवाहरू स्वास्थ्य बीमा गरेकालाई निशुल्क र अन्यलाई कम शुल्कमा उपलब्ध हुनेछ भने सो का लागि बिरामीले धेरै खर्च गरेर पोखरा बुटवल सम्म पुग्नुपर्ने अवस्थाको पनि अन्त्य हुनेछ ।









## कोभिड-१९ को संक्रमण देखा परे नआत्तिऔं, नडराऔं

कोभिड-१९ को संक्रमण धेरै हदसम्म कम भए पनि जोखिम रहिरहेकोले कैयौं व्यक्तिहरु अहिले पनि संक्रमित भएर आइसोलेसनमा हुनुहुन्छ। यसरी जीवन सामान्य बन्दै जाँदा पनि आइसोलेसनमा बस्नु पर्दा शारीरिक मात्र नभई मानसिक रूपमा पनि गाह्रो हुन सक्छ।



**अहिले आइसोलेसनमा बसिरहनु भएका सबैले यी कुराहरू याद राखौं:**

- कोभिड-१९ को संक्रमण हुँदैमा डराउनु या आत्तिनु पर्दैन
- कोभिड-१९ संक्रमणको अवधिभर भौतिक दूरी कायम गरे पनि, फोन वा इन्टरनेटका माध्यमबाट आफ्ना साथीभाइ र नजिककासँग सम्पर्क कायम गरौं
- आइसोलेसनमा बस्दा आफूलाई मन लाग्ने कामहरू गरेर दिन बिताऔं
- १० दिनको आइसोलेसन पछि पनि शारीरिक र मानसिक रूपले कमजोर महसुस भएमा थप केही दिन आराम गरौं
- कोभिड-१९ सम्बन्धी जिज्ञासा भए ११३३ वा १११५ मा सम्पर्क गरौं

## पोषण समिक्षा

स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा आ.ब. २०७७/७८ मा सम्पादित पोषण कार्यक्रमको समिक्षा पोखरामा सम्पन्न भएको छ । समिक्षाको अध्यक्षता स्वास्थ्य निर्देशनालयका निर्देशक श्री खिम बहादुर खड्काले गर्नुभएको छ । कार्यक्रममा सबै स्वास्थ्य कार्यालयका प्रमुखहरु र फोकल पर्सनहरुको उपस्थिति रहेको थियो ।




## MSS @ दरबाङ्ग प्राथमिक स्वास्थ्य चौकी



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना तथा NSI को सहयोगमा दरबाङ्ग प्राथमिक स्वास्थ्य चौकी, म्याग्दीको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम अन्तर्गतको दोस्रो फलोअपको प्रस्तुतीकरण सम्पन्न भएको छ। मुल्यांकन कार्यक्रममा बेनी अस्पताल, म्याग्दीका म.सु. डा जितेन्द्र कंडेल, गण्डकी प्रदेश स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रका संयोजक नबराज शर्मा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेशका नर्शिंग अधिकृत श्री रेजिना भण्डारी, जनस्वास्थ्य अधिकृत श्री रक्षिता लामिछाने, स्वास्थ्य कार्यालय, म्यादीका प्रमुख एक नारायण लम्साल र NSI का प्रदेश संयोजक श्री सुरज श्रेष्ठको सहभागिता रहेको थियो । यस कार्यक्रमको संयोजन स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नवराज शर्माले गर्नुभएको हो ।

## बैठक सम्पन्न



मनाङ जिल्लामा महामारी तथा प्रकोपजन्य अवस्थामा बहुनिकाय समन्वयात्मक बैठक सम्पन्न भएको छ।

## MSS @ जिल्ला अस्पताल पर्वत

स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा जिल्ला अस्पताल, पर्बतको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम अन्तर्गतको नवौ फलोअपको प्रस्तुतीकरण सम्पन्न भएको छ। मुल्यांकन कार्य क्रममा बेनी अस्पताल, म्याग्दीका मे.सु. डा जितेन्द्र कंडेल, गण्डकी प्रदेश स्वास्थ्य आपतकालीन कार्यसंचा( लन केन्द्र (PHEOC) का संयोजक नबराज शर्मा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेशका नर्शिंग अधिकृत श्री रेजिना भण्डारी, जनस्वास्थ्य अधिकृत श्री रक्षिता लामिछाने र NSI का प्रदेश संयोजक श्री सुरज श्रेष्ठको सहभागिता रहेको थियो । यस कार्यक्रमको संयोजन स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नवराज शर्माले गर्नुभएको हो ।




## योग कार्यक्रम संचालन

धौलागिरी आयुर्वेद औषधालयको आयोजना र स्वास्थ्य शाखा, ताराखोला गाउपालिकाको समन्वयमा मिति २०७८।०८।१० र ११ गते स्वास्थ्य प्रवर्धनका लागी जीवनशैली परिवर्तन तथा योग कार्यक्रम संचालन भएको छ । कार्यक्रमका सहभागीहरुलाई योगाभ्यास, ध्यान, नसर्ने रोग र स्वस्थ जीवनशैली सम्बन्धि प्रशिक्षण तथा स्वास्थ्य परिक्षण, उच्च रक्तचाप, मधुमेह लगायतको नसर्ने रोगहरुको जांच तथा रोगानुसार एवम रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्ने रसायन औषधी निशुल्क वितरण गरिएको छ ।

